नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# उद्योग विभाग
(योजना, अनुगमन तथा औद्योगिक तथ्यांक शाखा)

त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

प.सं. २०८३/८४
च.नं. ०१

मितिः२०८३/०४/०७

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं ।
श्री वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाडौं ।

विषयः उद्योगको वार्षिक विवरण अद्यावधिकमा गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १३ मा उल्लेख भए बमोजिम प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६(छ) महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको सम्बन्धमा online माध्यमबाट अद्यावधिक गर्न यस विभागको वेवसाइटमा प्रकाशित सूचनाको छायाप्रति यसैसाथ संलग्न राखी तहाँ कार्यालय/विभागको वेवसाइटमार्फत समेत सूचना सम्प्रेषण तथा सहजीकरणका लागि निर्णयानुसार अनुरोध छ ।

२०८३/०४/०७
(पुष्पराज शिवाकोटी)
तथ्याङ्क अधिकृत

एक्सचेन्जः ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्सः ९७७-१-४२६१११२, इमेलः info@doind.gov.np, वेबसाइटः http://www.doind.gov.np
(कृपया पत्राचार गर्दा पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

मितिः २०८३/०४/०६

## सूचना

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १३ मा उल्लेख भए बमोजिम प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६(छ) महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नुपर्ने तथा उक्त ऐनको दफा ४३(५) बमोजिम तोकिएको अवधिभित्र विवरण उपलब्ध नगराएमा जरिवाना लिन सक्ने व्यवस्था भएको व्यहोरा विदितै छ ।यसर्थ यस विभागको उद्योग व्यवस्थापन सूचना प्रणालीको imis.doind.gov.np पोर्टलमा लगइन गरी योजना, अनुगमन तथा औद्योगिक तथ्याङ्क शाखा मेनुमा रहेको वार्षिक उद्योग प्रगति प्रतिवेदन पेश गर्ने मेनुमार्फत online माध्यमबाट उद्योगको वार्षिक विवरण अद्यावधिक गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

**पुनश्चः** IMIS मा user link र Data Update गर्ने विधि विभागको वेवसाइट र IMIS को लगइन पेजमा राखिएको छ ।

विवरण प्रविष्ट गर्दा प्राविधिक समस्या भएमा तपसिलका व्यक्तिहरूसँग सम्पर्क गर्नुहुनः

१. कम्प्युटर इन्जिनियर श्री समीर थापा
२. तथ्याङ्क सहायक श्री मनोजराज भट्टराई
   सम्पर्कः ०१५३५६२१२ Ext. ३०५

२०८३/०४/०६

एक्सचेन्जः ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्सः ९७७-१-४२६१११२, इमेलः info@doind.gov.np, वेबसाइटः http://www.doind.gov.np
(कृपया पत्राचार गर्दा पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)